वर्ष : २१, अंक : ३, काठमाडौं, २०८२ बैशाख १९ गते शुक्रबार, 2 May, 2025, Friday पृष्ठ : ८, मूल्य रू : १०/–

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

डिजिटल प्लेटफर्ममा मधेशवाणी

https://www.facebook.com/madheshvaninews

https://x.com/madheshvani

https://www.youtube.com/@madheshvanit.v.7538

https://www.madheshvani.com

## मधेशी जनता राज्यको आतंकबाट अझै पीडित छन् : महन्थ ठाकुर



जनकपुरधाम । लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालका अध्यक्ष महन्थ ठाकुरले नेपाली जनता पहिलेदेखि नै आतंकबाट पीडित रहँदै आएको बताएका छन् । लोसपाको जनकपुरधामस्थित पार्टी कार्यालयको उद्घाटन कार्यक्रममा बोल्दै अध्यक्ष ठाकुरले नेपाली जनता निरंकुश राणा शासन तथा राजतन्त्रको आतंकबाट पहिलेदेखि नै गुजरीसकेको बताएका हुन् ।

यद्यपि उनले राजतन्त्र समाप्त भएपछि पनि मधेशी जनता राज्यको आतंकबाट पीडित रहँदै आएको भन्दै हामी सबै आतंकवाद विरुद्धको लडाईमा एक हुनु आवश्यक रहेको बताए ।

भारतको कश्मिरस्थित पहलगाममा भएको आतंकवादी आक्रमणको चर्चा गर्दै उनले मधेसी जनता अहिले पनि आतंकबाट मुक्ति पाउन नसकेको बताए । उनले धर्म र जातको आधारमा ताकेर निर्दोष पर्यटकहरुलाई आतंकवादीहरुले हत्या गरेकोमा आक्रोस व्यक्त गरे । ठाकुरले नेपालमा पनि धर्म र जातको बाजा बजाउनेहरु बजाईरहेको र यसले नेपाललाई कल्याण नगर्ने बताए ।

उनले भने,‘नेपालमा पनि हिन्दु राष्ट्रको माग उठिरहेको छ, हिन्दु राष्ट्र बनाउनु ठूलो कुरो होइन तर के हिन्दु राष्ट्र बनाउँदैमा पशुपतिनाथको लड्डु आफै घर-घरमा पुग्छ र ?’ नेपालमा विभिन्न धर्म र जातका व्यक्तिहरु वसोवास गर्छन् सबैको विकास भए मात्रै नेपालको विकास सम्भव रहेको उनले बताए ।

उनले कार्यक्रममा आफ्ना नेता तथा कार्यकर्ताहरुलाई पार्टीलाई सुदृढ बनाउने अभियानमा समेत लाग्न कार्यकर्ताहरुलाई निर्देशन दिएका थिए ।

## लोसपाले तोक्यो प्रभारी

काठमाडौं । लोकतान्त्रिक समाजवादी पार्टी नेपालले पार्टीको गतिविधि बढाउन ६ जनालाई आफ्नो प्रभारी तोकेको छ । लोसपा नेपालको भातृ/सुवेक्षुक संगठनहरूको गतिविधिहरूलाई पार्टीको तर्फबाट समन्वय गर्न पार्टीको विभिन्न पदाधिकारीहरूलाई प्रभारीको जिम्मेवारी तोकिएको छ । लोसपा नेपालका अध्यक्ष महन्थ ठाकुर द्वारा हस्ताक्षरित पत्रमा कुन कुन भातृ संगठनमा क-कसलाई जिम्मेवारी दिइएको उल्लेख रहेको छ ।

पत्रमा उल्लेख भएअनुसार लोसपा नेपालकी वरिष्ठ उपाध्यक्ष निर्जला राउतलाई लोकतान्त्रिक महिला संघ,महासचिव डा.सुरेन्द्र कुमार झालाई राष्ट्रिय शिक्षक मञ्च,महासचिव मनिष कुमार मिश्रलाई लोकतान्त्रिक यूवा संघको प्रभारीमा तोकिएको हो । त्यस्तै अर्का महासचिव द्वय विमल केडियालाई लोकतान्त्रिक ट्रेड युनियन महासंघ,बिनोद कुमार सिंहलाई मधेशी निजामती कर्मचारी मञ्च र पार्टीका सचिव ज्ञानेन्द्र झा(ज्ञानु) लाई लोकतान्त्रिक बिद्यार्थी संघको प्रभारी बनाइएको हो ।

वहाँहरूलाई लोसपा नेपालले पार्टीको प्रभारी तोक्ने बित्तिकै सामाजिक संजालमा बधाई तथा शुभकामनाको ओइरो लागेको देखिएको छ । पार्टीको गतिविधि अब द्रुतगतिमा बढ्ने अपेक्षा गरिएको छ । पछिल्लो समय लोसपाले केन्द्रदेखि जिल्ला सम्मको महत्त्वपूर्ण जिम्मेवारीमा पार्टीका जिम्मेवार नेताहरूलाई मनोनयन गर्दै आएको छ । यसै क्रमा आज पनि वहाँहरू जिम्मेवारी सुम्पेर काम गर्न भनिएको छ ।

## आवश्यकताको आधारमा समय सापेक्ष ऐन कानुन संशोधन हुनुपर्छ : श्रममन्त्री भण्डारी

काठमाडौं । श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले आवश्यकताको आधारमा ऐन कानून समय सापेक्ष परिवर्तन हुनुपर्ने बताएका छन् । सोमबार काठमाडौंमा अखिल नेपाल ट्रेड यूनियनद्धारा आयोजित अन्तरक्रिया कार्यक्रममा बोल्दै मन्त्री भण्डारीले यस्तो बताएका हुन् । उनले कुनै पनि ऐन कानुन सेवा प्रदान गर्ने हेतु सहुलियत र सहजताका लागि भएको हुना समय सापेक्ष र आवश्यकताका आधार ऐन र कानुनहरु परिवर्तन हुनु पर्ने बताए ।

अहिले श्रम ऐन संशोधन प्रकृयामा अगाडि बढेको जिकिर गर्दै सरोकारवालाहरुको सहमतिमा बनाएका ऐन र कानूनहरु सबै पक्ष मिलेर अनिवार्य लागु गर्नु पर्नेमा उनले जोड दिए । मन्त्री भण्डारीले सबै सरोकारवालाको सहकार्य र सहमतिमा बनाइएको ऐन लागु गर्ने दायित्व पनि सबैको भएको बताए । उनले वर्तमान श्रम ऐनमा के के कुराहरु व्यवहारिक छैन त्यसका बारेमा गम्भीर छलफल गरी सुझाव दिन पनि आग्रह गरे ।

सरकार ऐन कानुन लागु गर्न तयार रहेको स्पष्ट पार्दै त्यसका लागि ट्रेड यूनियनहरु पनि एक ढिक्का भएर अगाडि बढनु पर्नेमा मन्त्री भण्डारीले जोड दिए । उनले भने, सरकार ऐन कानुन लागु गर्न तयार छ, ट्रेड यूनियनहरु पनि त्यसका लागि तयार हुनुपर्छ । ट्रेड यूनियनद्धारा श्रमिक आयोग गठनको माग अगाडि सारिएको माग जायज रहेको जिकिर गर्दै त्यसका लागि आवश्यक पहल लिन समेत सुझाए । यसका लागि सबै ट्रेड यूनियनमा आवद्ध संघ संस्थाहरु एक ढिक्का भएर अगाडि बढनु पर्ने बताए ।

एक अर्को प्रसंगमा मन्त्री भण्डारीले कुनै पनि नेपाली कामदार देश बाहिर कहिकतै दुःख पाए त्यसका लागि सरकार जिम्मेवार हुनु पर्ने बताए । उनले भने, कुनै पनि नेपाली महिला वा पुरुष श्रमिक देश बाहिर श्रम स्विकृती बिना काम गर्ने वातावरणको अन्तय हुनु पर्छ, तिनीहरुलाई श्रम स्वीकृति लिने वातावरण बताउन सबै मिलेर काम गर्नुपर्छ ।

# ‘गरिबी, असामनता र शोषणविरुद्धको संघर्ष विश्वव्यापी रुपमा अगाडी बढाउनु पर्छ’

काठमाडौं । जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले गरिबी, असामनता र शोषणविरुद्धको संघर्ष विश्वव्यापी रुपमा अगाडी बढाउनु पर्ने बताएका छन् ।



भारतको हैदरावादमा प्रोग्रेसिभ एलाइन्सले आयोजना गरेको विश्वव्यापी न्याय सम्पादन सम्बन्धि अन्तराष्ट्रिय सम्मेलनलाई सम्बोधन गर्दै अध्यक्ष यादवले विश्वभरिका मानिसहरूका लागि स्वतन्त्रता, समानता, सामाजिक न्याय, मानव अधिकारका साथै आर्थिक, सामाजिक, राजनीतिक र कानूनी न्याय सुनिश्चित हुनुपर्ने बताएका हुन् ।

जलवायु परिवर्तनको प्रभावबाट प्रभावित कमजोर राष्ट्रहरूको संरक्षण गर्न जलवायु परिवर्तन, प्रदूषण र प्राकृतिक स्रोतहरूको न्यायपूर्ण प्रबन्ध गरिनु पर्ने उल्लेख गर्दै उनले विकसित देशहरूले उत्पादन गरेको प्रदूषणको असर कमजोर र विकासशील देशहरूले बेहोरिरहेको हुँदा यसका लागि विकसित देशहरूले पर्यावरणीय क्षतिको जिम्मेवारी लिनु पर्ने बताए ।

वैश्विक व्यापार, कर प्रणाली र ऋणको बोझले धनी र गरिब देशहरूबीच आर्थिक अन्तर बढदै गएको उल्लेख गर्दै उनले अर्थको न्यायपूर्ण वितरणमा चुनौती उत्पन्न गरेको दावी गरेका छन ।

‘युद्ध, संघर्ष र अत्याचारले विश्वभर मानिसहरूको मौलिक अधिकार हनन गरिरहेको छ । विश्वभरका सबै व्यक्तिहरूको मौलिक अधिकारको संरक्षण, लैंगिक समानता र सामाजिक न्यायलाई प्रवर्धन गरिनु पर्दछ’- उनले भने।

सम्पूर्ण देश या राष्ट्रहरुका समाजवादी, सामाजिक लोकतान्त्रिक, जाति, लिंग, धर्म, वर्ग, राष्ट्रियता आदिको आधारमा भेदभाव बढदै गएको भन्दै अध्यक्ष यादवले मानिसको मौलिक अधिकार को रक्षा, शिक्षा, स्वास्थ्य र रोजगारीमा सबैको पहुँच, महिला, अल्पसंख्यक र सिमान्तकृत वर्ग समुदायहरूको अधिकार, स्रोत साधनमा पहुंच र प्रतिनिधित्वको सुनिश्चित्तता गरिनु आवश्यक रहेको उल्लेख गरे ।

श्रमिक र प्रगतिशील शक्तिहरुले विश्वब्यापी रुपमा स्वतन्त्रता, समानता, सामाजिक न्याय र बन्धुत्वको अभियान निरन्तर जारी राख्न उनले आग्रह समेत गरेका छन ।

भारतको हैदरावादमा तेलांगाना सरकारको संयोजन तथा प्रोग्रेसिभ एलाइन्सको आयोजनामा भईरहेको तीन दिवसीय उक्त सम्मेलनमा एक सय भन्दाबढी मुलुकका चार सयबढी समाजवादी राजनीतिक पार्टीहरुका प्रतिनिधिहरुको सहभागिता रहेको छ ।

## पहलगाम आतंकवादी आक्रमणको जनकपुरधाममा विरोध प्रदर्शन

जनकपुरधाम । भारतको जम्मू-कश्मीरको पहलगाममा आतंकवादी आक्रमणको क्रममा सुदीप न्यौपानेको हत्याविरुद्ध जनकपुरधाममा विशाल विरोध प्रदर्शनका साथै पाकिस्तानी सेना प्रमुखको पुतला दहन भएको छ ।




नेपाल-भारत खुला सीमा संवाद समूहको आयोजनामा मंगलबार जनकचोकमा सो आतंकवादी आक्रमणको विरुद्धमा विशाल प्रदर्शन र पाकिस्तानी सेना प्रमुखको पुतला दहन भएको हो ।

आतंककारी आक्रमणमा एक नेपाली नागरिक सुदीप न्यौपानेसहित २७ जनाको ज्यान गएपछि त्यसको विरोधमा हजारौंको संख्यामा नागरिक सहभागी भई आक्रोशपूर्ण विरोध कार्यक्रम सम्पन्न गरिएको छ ।

विरोध कार्यक्रमको क्रममा पाकिस्तानी सेना प्रमुख आसिफ मुनिरले आतंकवादीहरूप्रति सहानुभूति जनाउँदै दिएको अभिव्यक्तिको विरोधमा उनको पुतला दहन गरिएको थियो । ‘आतंकवाद मुर्दाबाद’, ‘सुदीपलाई न्याय दे’, ‘पाकिस्तान होशियार’ जस्ता नारासहित उपस्थित जनता जनकचोकदेखि जानकी मन्दिर परिक्रमा गर्दै शान्तिपूर्ण तर आक्रोशपूर्ण रुपमा सडकमा उत्रिएका थिए ।

कार्यक्रमको अध्यक्षता नेपाल-भारत खुला सीमा संवाद समूहका प्रदेश सह-अध्यक्ष दीपक यादवले गरेका थिए भने प्रमुख अतिथि संस्थाका अध्यक्ष डा.राजीव झा रहेका थिए ।

कार्यक्रममा राष्ट्रिय मुक्ति पार्टी नेपालका नेता अनिल महासेठ, संजय चौधरी, संजय सिह, राम जीवन साह, अभियानी चुरे संघर्ष समितिका प्रतिनिधिहरू, स्थानीय अगुवा तथा जनप्रतिनिधिहरूको उल्लेखनीय उपस्थिति थियो ।

प्रमुख सहभागीहरूमा पूर्वजिसस उपप्रमुख दिपक झा, जनकपुरधाम उपमहानगरपालिका वार्ड नम्बर -३ वार्ड अध्यक्ष दिपेन्द्र साह, नेता चन्देश्वर साह, सुनिल यादव, कृष्ण कुमार साह लगायत थिए ।

कार्यक्रममा हिन्दू तथा मुस्लिम समुदायका युवाहरू स्वस्फूर्त रूपमा सहभागी भई एकताको सन्देश दिँदै पाकिस्तान र आतंकवादका विरुद्ध एकजुट भएर आवाज उठाएका थिए । कार्यक्रम संयोजकद्वारा यस घटनालाई अन्तर्राष्ट्रिय स्तरमा उजागर गर्न पहल गरिने प्रतिबद्धता पनि जनाइएको थियो ।

नेपाल-भारत खुला सीमा संवाद समूहले आगामी दिनहरूमा पनि सीमा सुरक्षाको विषयमा जनस्तरबाट आवाज उठाउँदै पीडितको न्यायका लागि निरन्तर संघर्ष गरिरहने बताएको छ ।

## एमालेको मधेश विरोधी सोचका कारण हुलाकी राजमार्ग निर्माण हुन सकेन : साह

काठमाडौं । आम जनता पार्टी (आजपा)का अध्यक्ष तथा सांसद प्रभु साहले प्रधानमन्त्री केपी शर्मा ओलीकै कारण हुलाकी राजमार्ग निर्माण हुन नसकेको बताएका छन् । एमालेको मधेश विरोधी सोचका कारण हुलाकी राजमार्ग समयमै निर्माण हुन नसकेको उनले बताए ।



प्रतिनिधि सभाको सोमबार बसेको बैठकमा साहले हुलाकी राजमार्गमा पर्ने मटिअर्वा-कलैया-पिलुवा सडक खण्ड अन्तरगतको कलैया बजार क्षेत्रमा पर्ने ३ किलोमिटर सडक बर्षौदेखी ठेक्का भएर पनि निर्माण नहुनुको कारण सरकारसंग जवाफ माग गरेका छन् ।

‘हुलाकी राजमार्गमा पर्ने मटिअर्वा-कलैया-पिलुवा सडक अन्तरगतको कलैया बजार क्षेत्रमा पर्ने सडक निर्माण हुन नसक्दा सर्वसधारणले सास्ती खेप्नुपरेको छ । बर्षाका कारण अहिले हिलामय बनेको छ । १० बर्षौदेखी बनाउन शुरु गरिएको सो सडक ठेकेदारले समयमै नबनाउँदा उसमाथि कानून लाग्छ कि लाग्दैन,’ आजपा अध्यक्ष साहले भने, ‘खासगरी प्रधानमन्त्रीसंग मेरो प्रश्न छ, त्यहाँबाट एमालेकै मेयर, विधायक, सांसद जितेको छ । भौतिक मन्त्री, अर्थमन्त्री पनि एमालेकै छ । प्रधानमन्त्री पनि एमालेकै छ । तर पनि ३ किलोमिटर सडक कालोपत्रे हुन नसक्नुको कारण के छ ? सरकारले जवाफ दिनुपर्छ ।’

सरकारकै लापरवाहीले मटिअर्वा-कलैया-पिलुवा सडक निर्माण सम्पन्न नहुँदा सर्वसधारणले सास्ती खोप्न बाध्य भएको उनले बताए । ठेक्का लागेको बर्षौ भए पनि निर्माण कार्य किन तोकिएकै समयमा सम्पन्न भएन त्यसबारेमा सरकारले जवाफ दिनुपर्ने माग उनले गरे ।

यस्तै आजपा अध्यक्ष साहले हिजोराती आएको हावाहुरी र असिनापानीका कारण मधेस पुरै प्रभावित भएको बताए । बारा, रौतहट, पर्सा सहितका मधेसका जिल्लामा सर्वसधारणको बालीनालीमा क्षति पुगेको र जनजिवन प्रभावित भएको छ ।

आँप, लिचि सहित तरकारी खेतीमा क्षति पुगेको बताउदै उनले किसानलाई राहत दिनुपर्ने माग सरकारसंग गरे । प्राकृतिक प्रकोपबाट पीडितलाई राहत तथा अवरुद्ध सेवाहरु सूचारु गर्नका लागि उनले सरकारसंग जोडदार माग गरेका छन् ।

‘किसानको आँप, लिचि सहित तरकारी खेतीमा क्षति पुगेको छ । गरिबका घरको छाना उडाएको छ भने कतिपयको घर भत्किएको छ । बिधुतका पोल ढलेर बिधुत अवरुद्ध छ, सञ्चार सेवा पनि अवरुद्ध हुँदा जनजिवन प्रभावित भएको छ,’ आजपा अध्यक्ष साहले भने ।

## सम्पादकीय

### जनमत र नाउपाको एकीकरण किन भाँडियो ?

डा.सीके राउत नेतृत्वको जनमत पाटी र रेशमलाल चौधरी संरक्षक रहेको नागरिक उन्मुक्ति पाटीको एकता नाटकीय रुपमा भाँडिएको छ । दुवै पार्टीले गत बुधबार एकता घोषणाका लागि काठमाडौंको कमलादीस्थित राष्ट्रिय सभा गृहमा कार्यक्रम तय गरेका थिए । सो एकता घोषणा केही दिनका लागि स्थगित गरिएको छ । एकता घोषणा कार्यक्रमकै दिन वैशाख १७ गते नागरिक उन्मुक्ति पाटीका संरक्षक रेशम चौधरीलाई पक्राउ गरेपछि एकता प्रक्रिया भाँडिएको थियो । सवीच्चको नक्कली पत्रको आधारमा उनलाई पक्राउ गरिएको थियो । पछि सवीच्चको अर्को पत्रबाट उनलाई रिहाइ गरिसकिएको छ । अब दुवै पार्टीले घटनाको समीक्षा गरेर मात्र अगाडि बढ्ने दुबै पार्टीका नेताहरु बताउँछन् । एक नेताले भने, 'एकता त हुन्छ, तर हिजोको घटनाले गर्दा अब केही दिन घोषणा कार्यक्रम स्थगित हुन्छ, घटनाका बारेमा दुवै पाटीले समीक्षा गर्छ, त्यसपछि मात्र सहमति अनुसार नै एकता प्रक्रियामा अगाडि बढ्छ ।'

उनका अनुसार दुवै पाटीको छुट्टाछुट्टै औपचारिक बैठक बसेपछि संयुक्त बैठक बसेर घटनाका बारेमा समीक्षा हुन्छ । त्यसपछि मात्र कसरी अगाडि बढ्ने भनी निर्णय हुने उनले बताए । 'दुई पाटी बिचको एकतालाई भाँड्ने षड्यन्त्र भइरहेको छ, त्यसलाई दुवै पाटीले गम्भीर रूपमा लिइएको छ' उनले भने, 'षड्यन्त्र कहाँबाट भइरहेको छ, त्यसको बारेमा बुझ्ने काम भइरहेको छ ।'

नागरिक उन्मुक्ति पाटी र जनमत पाटी बिच विगत एक डेढ वर्षदेखि एकताका लागि प्रयास भइरहेको थियो । बुधवार एकता घोषणा कार्यक्रम राखिएको थियो । तर संरक्षक चौधरीलाई पक्राउ गरिएपछि घोषणा सभा स्थगित भएको छ । दुई पार्टीबिच एकीकृत पार्टीको नाम नागरिक जनमत पार्टी रहने, चुनाव चिन्ह ढकिया, कार्यकारी अध्यक्ष डा.सीके राउत, संरक्षक रेशमलाल चौधरी र सहअध्यक्ष रञ्जिता श्रेष्ठ रहने सहमति भइसकेको छ । सात सय सदस्यीय केन्द्रीय समितिमा दुवै पार्टीबाट आधा आधा रहने सहमति पनि भैसकेको छ । पदाधिकारी तथा अन्य समितिहरूमा पनि दुवै पाटीबाट आधा आधा रहने सहमति भइसकेको थियो ।

दुबै पार्टीबीच एकता प्रक्रिया अन्तिम चरणमा पुगिसकेको अवस्थामा अदालतको फर्जी पक्राउ पुर्जीको आधारमा रेशम पक्राउ पर्नुको भित्री रहस्य के हो भन्ने कुरा अझै पनि चाँसोको विषय हो । जनमत र नाउपाबीच एकता रोक्नकै लागि राज्यको गम्भीर षड्यन्त्रअनुरुप सो एकता भाँडिएको नेताहरु बताउँछन् ।

### श्रमसंसार पोर्टलले रोजगारीको लागि सहि सूचना संप्रेषण गर्नेछ : श्रममन्त्री भण्डारी

काठमाडौं । श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरतसिंह भण्डारीले सही र सत्य सूचनाको अभावको कारण रोजगारीको अवसरबाट युवाहरु बञ्चित हुनु परेको बताएका छन ।

मंगलवार मन्त्रालयमा आयोजित श्रम संसार पोर्टल सन्चालन सम्बन्धमा सरोकारवालाहरुसँग छलफल कार्यक्रममा बोल्दै मन्त्री सही सुचनाको अभावमा युवाहरु रोजगारीको अवसरबाट बञ्चित हुनु परेको बताएका हुन ।

मन्त्री भण्डारीले आफु मन्त्री भएर मन्त्रालयमा आएपछि दुई युवाहरु भेटेर रोजगारी माग्न आउँदा देशभित्र कसरी एकिकृत रोजगारी सूचना दिने सन्दर्भमा आएको अवधारणा अनुसार श्रमसन्सार पोर्टलको अविष्कार भएको बताए । उनले भने, यो केवल एक सामान्य पोर्टल मात्र होइन, मलाई विश्वास छ, यो एउटा सामाजिक क्रान्तीको रुपमा स्थापित हुनेछ, यसले युवाहरुलाई देश भित्र पनि मिहनेत र आत्मविश्वास भर्नेछ ।

मन्त्री भण्डारीले देशभित्र सोसफोर्स नभए रोजगारी वा कुनै पनि अवसर पाउन नसकिने दुःखद भाष्य निर्माण भएको चिन्ता व्यक्त गर्दै क्षमता र योग्यताको आधारमा रोजगारीको अवसर सृजना गर्न यस पोर्टल मार्फत युवाहरुमा विश्वास जगाउने विश्वास व्यक्त गरे ।

वैदेशिक रोजगारका लागि उचित सूचना अभावका कारण विचौलियाहरुले गाउँघरमा ठग्ने गरेको जिकिर गर्दै यसको सदुपयोग गरी सात सय ५३ वटा स्थानीय तहमा यसले सही सुचना संप्रेषण गर्ने उनले बताए । उनले भने, अब सबै स्थानीय तहमा एकिकृत रुपमा वैदेशिक तथा स्वदेशमा भएका रोजगारका अवसरहरुको सही सूचना संप्रेषण हुनेछ, यसले विचौलियाहरुको धन्धा बन्द भई आफनै गाउँघरमा ठगिन रोकिनेछ ।

मन्त्री भण्डारीले सबैको सहयोग, साथ र सहकार्यले सूचना प्रविधिको सही सदुपयोग गरी एकिकृत एकद्धार सूच्ना प्रणाली स्थापित गर्नु नै मुख्य उदेश्य रहेको बताए । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र स्विस सरकारको सहयोगमा निर्माण भएको श्रमसन्सार रोजगारी पोर्टल यही मे १, विश्व मजदुर दिवस अवसरमा प्रधानमन्त्री केपी शर्मा ओलीको हातबाट लन्च गरिनेछ ।

# राणाशासनविरुद्धको आन्दोलनमा राजलाल कलवारको योगदान

**राणशासनविरुद्ध जनकपुर र काठमाडौंमा आन्दोलन गरेकाहरुको पहिचान र सम्मान गर्ने दायित्व संघीय सरकारसँगै प्रदेश र स्थानीय सरकारको पनि हो । काठमाडौमा घरधनी रहेपनि सर्वस्व गुमाएका बीरगंजका राजलाल कलवारको तस्विर खोज्दा पनि भेटाउन ग्राहो रहेको बेला उनको इतिहास लेख्न आवश्यक छ ।**



राकेशप्रसाद चौधरी

राणाशासनविरुद्ध १९९७ सालको पर्चा टाँस आन्दोलनमा काठमाडौंमा शहिद भएकाहरुको योगदान अविस्मरणीय छ । शुक्रराज शास्त्री, धर्मभक्त माथेमा, दशरथ चन्द र गंगालाल श्रेष्ठको अंश सर्वस्वहरण गरि ज्यान लिइएको थियो ।

नासु पूर्णनाराण प्रधानलाई यी चारजनाजस्तै सजाय रहेकोमा पछि तत्कालिन प्रधानमन्त्री जुद्धशम्शेरबाट १८ बर्ष कैद हुने आदेश भयो ।

राणाबिरोधी आन्दोलनमा लागेका टंकप्रसाद आचार्य र रामहरि शर्मालाई अंश सर्वस्व भई चारपाटा मुडियो तथा चूडाप्रसाद शर्मा, गोबिन्दप्रसाद उपाध्याय, पुस्करनाथ उप्रेती, चन्द्रमान सैंजु, फत्तेबहादुर,चिनियाँलाल, मुकुन्दनाथ रिमाल, बलबहादुर पाण्डे, गणेशमान श्रेष्ठ, हरिकृष्ण श्रेष्ठलाई अंश सर्वस्व भई जन्मकैद तथा मुरलीधर भट्टराईलाई जन्मकैदको सजाय दिइएको थियो ।

आन्दोलनमा लागेका धेरैलाई सर्वस्वसहित पाँच बर्षदेखि १८ बर्षसम्मको कैद तोकिएको थियो । केहीलाई दुई महिनादेखि तीनबर्षसम्मको कैद तोकिएको थियो भने जागिरमा रहेकाहरुको जागिर खोसियो भने जरिवाना गरिएको थियो ।

काठमाडौंमा राणाबिरोधी आन्दोलनमा तन, मन र धनले लागेका एक मात्र मधेशी राजलाल कलवारले सर्वस्वसहित पाँचबर्ष कैदको सजाय पाएका थिए । कलवारको सम्बन्ध बीरगंजसँग थियो । पर्चा टाँस्ने आन्दोलनभन्दा अगाडि १९९४ सालमा ४४ बर्षको उमेरमा शुक्रराज शास्त्रीले भारतमा महात्मा गान्धी र नेताजी सुभाषचन्द्र बोससँग अलग अलग भेटघाट गरेका थिए । यो सूचना राणाहरु समक्ष पुगिसकेको थियो । भारतबाट काठमाडौं फर्किएलगत्तै उनीमाथि निगरानी बढाइएको थियो । असनदेखि महाबौद्ध जाने गल्लीमा रहेको राजलाल कलवारको घरमा सोही बर्ष नागरिक अधिकार समितिको कार्यालय सञ्चालन भयो । शुक्रराजको अध्यक्षतामा रहेको समितिमा कलवार पनि सदस्य थिए । यसको सचिव केदारमान व्यथित तथा प्रचार सचिव शंकरप्रसाद नेपाल थिए ( मल्ल के. सुन्दर, शुकराजलाई सम्झेर,माघ १०, २०७६ इकान्तिपुर) राणाशासकले एकबर्षपछि यो समितिमाथि प्रतिबन्ध लगाएर शास्त्रीसहितका केही नेतालाई कैद गरेका थिए ।

शुक्रराज शास्त्री नेतृत्वको समिति सार्वजनिक हुनुभन्दा अगाडि नै दशरथ चन्द र टंकप्रसाद आचार्यले भीमफेदीमा एउटा संगठन निर्माण गर्ने प्रस्ताव गरेका थिए । परिषद प्रति बुद्धिजीविहरुको समर्थन प्राप्त भएपछि १९९३ सालमा राजनीतिक उद्देश्यका साथ नेपाल प्रजा परिषद गठन भयो । जसको कार्यालय ओमबहालस्थित धर्मभक्त माथेमाको घरमा सञ्चालन गरिएको थियो ।

काठमाडौंमा यी घटनाहरुको साक्षी बनेका पत्रकार रधुनाथप्रसाद गुप्ता दिल्लीको पत्रिकामा राणबिरोधी गतिविधि छाँप्ने र त्यहाँबाट पत्रिका मगाउने गरेका थिए । त्यस्तै पटनाबाट रामबृक्ष बेनीपुरीको सम्पादनमा रहेको जनता साप्ताहिकले राणाहरुकोबिरुद्धमा लेख, रचना छाँप्ने गरेको थियो । यी पत्रिकामा छाँपिने सामग्रीले राणाशासकको होस उडेको थियो ।

नागरिक अधिकार समितिको गठनभन्दा दुईबर्ष अगाडि जनकपुरमा पं.रामाकान्त झाको नेतृत्वमा २२ युवाको संघर्ष समिति गठन भएको थियो । यस्तै माधवराज जोशीले दुई दशक अगाडिदेखि नै विभेदकारी सामाजिक संरचनाबिरुद्ध जनचेतना जगाउन थालेका थिए । परिणामस्वरुप दुईबर्ष कैदपछि देश निकाला गरिए । उनी १९७० सालमा पुनः काठमाडौ फर्किएका थिए । सैनिक सेवाबाट निवृत्त खड्कमान सिंह बस्नेतसहितको समूहले १९८८ सालमा प्रचण्ड गोर्खा गठन गरेका थिए (बद्रीप्रसाद दाहाल, प्रजातन्त्र हुँदै लोकतन्त्र,अब जोकतन्त्र ५ फाल्गुन २०७५, नागरिकन्यूज)।

माधवराज जोशीलाई नेपाल आर्य समाजको संस्थापक मानिन्छ । शुक्रराजा शास्त्री(जोशी) माधवराज जोशीको छोरा थिए । नागरिक अधिकार समितिमा लागेका शास्त्रीसँगै राजलाल कलवारलगायतका ब्यक्तिहरु आर्य समाजसँग आवद्ध रहेको समेत देखिन्छ । यी ब्यक्तिहरु विशुद्ध सामाजिक र शैक्षिक जागरण चलाएर ब्राह्मणबाहेक अन्य जातले समेत धार्मिक गतिविधि र कर्मकाण्ड गर्न पाउने आवाज बुलन्द गरिरहेका कारण राणाशासकलाई मन परेको थिएन ।

यो समाजिक चेतनामूलक आन्दोलन बढाउन शुक्रराज शास्त्रीको अध्यक्षतामा गठित समितिमा चौबिस जना युवा प्रत्यक्ष सहभागि थिए । केही लेखकले केदारमान व्यथितलाई संगठनमन्त्री तथा शंकरप्रसाद नेपाललाई प्रचारमन्त्री भनेर लेखेका छन् । यस समितिमा राजलाल कलवारबाहेक आनन्दराम श्रेष्ठ, गङ्गालाल श्रेष्ठ, मुरलीधर भट्टराई आदि थिए । काठमाडौंमा धार्मिक प्रवचन सुन्ने परम्परा भएकोले चेतना बढाउने माध्ययम पनि यसैलाई बनाइएको थियो । समितिमा रहेका ब्राह्मणबाहेकका युवाहरुबाट व्याख्यान दिने कार्यको थालनी गर्ने योजना पनि बनाइएको थियो ( शीतल गिरी, नेपाल आमाका सपुत, माघ १५, २०७८, गोरखापत्र अनलाइन)। शास्त्रीले नेपालको पहिलो आसभमामा उभिएर १९९५ मंसिर १३ गते भाषण गरेपछि त्यसको भोलीपल्ट भद्रगोल जेल पठाइएको थियो ।

कलवारलगायतका अन्य गैर ब्राह्मण युवाहरुले धार्मिक प्रवचन दिए/नदिएकोबारे प्रष्ट रुपमा चर्चा नभएको देखिन्छ । सवैभन्दा पहिले १९९७ माघ १० मा शास्त्रीलाई फाँसी दिइयो ।

पर्चा छपाई टाँस्ने र खसाल्नेबिरुद्ध श्री ३ महाराजको समक्ष जाहेरी गर्नेलाई पाँचहजार रुपैयाँको इनाम रहेकोबारे १९९७ साउन ११ गतेको गोरखापत्रमा नयाँ इस्तिहार छाँपिएको थियो । इस्तिहारमा प्रजापरिषदको नामबाट राजकाजको बदनामी र बकबादी कुराहरु लेखि लिथोमा छाँपी पर्चा टाँस्ने र खसाल्नेलाई दबाउने र दबाउने कोशिश गर्ने अर्थात जोगाउन खोज्नेलाई समेत सजाय हुने लेखिएको थियो ।

जाउलाखेलमा रातोमच्छिन्द्रनाथको भोटो देखाइने जात्राको राती १९९७ साल असार ९ गते राती पाँच किसिमको पर्चा टाँस्ने र छर्ने निर्णय भए अनुसार परिषदका सदस्यहरुलाई जिम्मेवारी दिइएको थियो । टंकप्रसाद त्यो दिन काशीमा थिए । पर्चा छर्न पुस्करनाथ उप्रेती, केशवराज काकी, मुकुन्दनाथ रिमाल, धर्मभक्त माथेमा, गंगालाल श्रेष्ठ, गणेशमान सिंह र हरिकृष्ण श्रेष्ठ, रामहरि शर्मा, बलबहादुर पाण्डे र गोबिन्दप्रसादसँगै कान्तिकारी विद्यार्थीहरुले सहयोग गरेका थिए ।

राणाबिरोधी आन्दोलनमा जनकपुर, जलेश्वरमा भएका गतिविधिहरुको एकदम कम दस्तावेजीकरण भएको पाइन्छ । रक्सौलबाट रेल चढेर अमलेखगञ्जसम्म पुगेर पैदल वा भरियाको मद्दतले काठमाडौं पुग्न सकिन्थ्यो । जनकपुरबाट रक्सौल पुग्न जलेश्वर हुँदै भारत प्रवेश गर्नुपर्दथ्यो । पर्चा छर्ने घटनामा टंकप्रसादको पनि संलग्नता साबित गरियो । काशी (बनारस) मा रहँदा बुबा बिरामी भएको खबर पठाएर बोलाइयो । भारतबाट जलेश्वर प्रवेश गर्ने बित्तिकै पक्राउ गरि नेल, हतकडीसहित पैदल हिँडाएर काठमाडौं लगिएको थियो । सो समयमा रातो नदी हुँदै सिन्धुली पुगि पहाडको बाटो भएर काठमाण्डौ पुग्न सकिन्थ्यो ।

पर्चा छाँप्न मिल्ने मेसिन कलकत्तामा किनिएको थियो । जसलाई टंकप्रसाद आचार्यले जनकपुरस्थित कोठामा राखेका थिए । गोबिन्दप्रसाद उपाध्यायको सहयोगमा पाटैपुर्जा खोलेर बनाइएको पोका दुबैजनाले १९९६ सालमा आफ्नो बाक्सामा हाँलेर सुरक्षा संयन्त्र छली मीनपचासको बिदा सकिने बेलामा काठमाडौं लगेका थिए । पर्चा छाँप्ने, टाँस्ने र खसाल्ने काम प्रजा परिषदको नेतृत्वमा भएपनि यस अगाडि समातेर छाडिएका आर्य समाजी, मलामी गुठी, नेपाल नागरिक अधिकार समिति एवम् अन्य धार्मिक तथा सामाजिक कियाकलापमा संलग्न भनिएका ब्यक्तिहरुलाई असोज महिनाबाट पक्राउ गर्न शुरु गरेको थियो (राजकुमार दिक्पाल,राणाकालका क्रान्तिकारी पण्डित,२०८० पौष १४, शनिबार, उकालो डटकम)। प्रजा परिषदले चार पटकसम्म पर्चा छर्ने काम गरेको थियो । १९९७ सालको पुष २५ गते सम्ममा करिब दुईसयजना माथि आरोप लागेको थियो । जसमध्ये केही तारेख तथा केही थुनामा थिए । सबै उभियुक्तलाई माघ ६ गतेसम्ममा फैसला सुनाइएको थियो । अंश सर्वस्वसहित अथवा बिना अंश सर्वस्वसहित कैदमा रहेको ८० जना राजबन्दीलाई २००७ साल माघ १० गते रिहा गरिएको थियो ।

श्री ३ जुद्धशम्शेरले २००२ साल मंसिर १४ गते फुटबल चौरमा कर्मचारी र साहुमहाजनको उपस्थितीमा पद्मशम्शेरलाई श्रीपेच लगाइदिएका थिए । सो अगाबै थुनामा रहेका १८ जना राजबन्दी छाडिएको थियो । राजलाल कलवारलाई अंश सर्वस्वसहित पाँचबर्ष कैद तोकिएकोले पनि यसै समूहसँग छोडिएको हुनेसक्ने सम्भावना देखिन्छ ।

राणशासनबिरुद्ध जनकपुर र काठमाडौंमा आन्दोलन गरेकाहरुको पहिचान र सम्मान गर्ने दायित्व संघीय सरकारसँगै प्रदेश र स्थानीय सरकारको पनि हो । काठमाडौमा घरधनी रहेपनि सर्वस्व गुमाएका बीरगंजका राजलाल कलवारको तस्विर खोज्दा पनि भेटाउन ग्राहो रहेको बेला उनको इतिहास लेख्न आवश्यक छ । साथै मधेश सरकारले आफै वा संघीय अथवा स्थानीय सरकारलाई आग्रह गरि मधेश विश्वविद्यालयको नाम मधेश राजलाल विश्वविद्यालय अथवा अन्य कुनै शैक्षिक संस्थानको नामाकरण गरिनु आवश्यक छ । जनकपुरमा आन्दोलन गरेका पं.रामाकान्त झालगायतका २२ जनाको तस्विर संकलन गरि पहिचान तथा सम्मान दिइनु पनि उत्तिकै महत्वपूर्ण काम हो । प्रजातन्त्र स्थापनाका लागि २००७ साल अगाडि भएका राणाशासकबिरोधी आन्दोलन नै अहिलेको पहिचान र अधिकारवादी आन्दोलनको जग तयार भएको विषय बुझ्न आवश्यक छ । पहिचान र अधिकारवादी आन्दोलनकारीहरुजस्तै राणाबिरोधी आन्दोलनमा लागेका मधेशीहरुको सम्मान गर्ने दायित्व राज्यले लिनैपर्छ ।

# व्यक्ति, परिवार र वंशको शासनजस्तो पुरानो युगमा देशलाई फर्काउन हुँदैन



## माधवकुमार नेपाल
### अध्यक्ष, नेकपा (एकीकृत समाजवादी)

**० बैशाख ११ गतेलाई कसरी सम्झनुहुन्छ ?**

– हामीले नेपाली जनताको लामो संघर्ष, बलिदान र समर्पणबाट २)६३ साल वैशाख ११ गते ऐतिहासिक सफलता हासिल गर्‍यौं। राजतन्त्रमाथिको विजयका लागि त्यो दिन निर्णायक हो। जुन दिन जनता सार्वभौम सम्पन्न भए। जनताको फैसला सबैले मान्नुपर्छ भन्ने मान्यतालाई तत्कालीन राजा ज्ञानेन्द्र शाहले समेतले स्वीकार गर्ने स्थिति बन्यो।

त्यसैका आधारमा विघटित प्रतिनिधिसभा पुनर्स्थापना भयो। त्यसपछि दलहरूको सहमति र चाहानाअनुसार पुनर्स्थापित प्रतिनिधिसभाबाट मुलुकलाई अघि लैजाने कामहरू भए। त्यसै क्रममा राजतन्त्रको पनि अन्त्य र गणतन्त्रको स्थापना भयो। यसर्थ वैशाख ११ नेपाली जनताका लागि अत्यन्तै महत्त्वपूर्ण र ऐतिहासिक दिन पनि हो।

त्यसअघि वैशाख ८ गते तत्कालीन राजा ज्ञानेन्द्रबाट आफ्नो चाहनामा सरकार गठन गर्नेगरी आफु नै सर्वशक्तिमान राजाको भूमिकामा रहनेगरी पदका निम्ति आतुर नेतालाई पद दिएर सन्तुष्ट पार्न सकिन्छ कि भन्ने मान्यता बोकेर वक्तव्य जारी गर्ने काम भएको थियो। त्यस्ता वक्तव्य हामीले उहिल्यैदेखि अस्वीकार गर्दै आएका हौं। जतिखेर शेरबहादुर देउवाजीलाई बर्खास्त गरेर नयाँ प्रधानमन्त्रीको खोजी गर्ने क्रममा मलाई पनि प्रस्ताव आएको थियो।

त्यसवेला मलाई तीन ठाउँबाट प्रधानमन्त्रीका लागि प्रस्ताव आयो। जसमध्ये नेपाल समाचारपत्रका प्रधानसम्पादक पुष्करलाल श्रेष्ठ (निधन भइसकेको), एमाले नेता कृष्णगोपाल श्रेष्ठ (हाल एमाले नेता) मेरो निवासमा प्रस्ताव लिएर आउनुभयो।

उहाँबाहेक तत्कालीन राजाका संवाद सचिव पनि प्रधानमन्त्रीको प्रस्ताव लिएर आउनुभयो। तर म जनतामा सार्वभौम सत्ता रहनुपर्छ भन्ने मान्यता बोकेको मान्छे। त्यसैले जनताले सार्वभौम सत्ताको प्रयोग निर्वाचन र संसद्को माध्यमबाट गर्छन् र संसद्ले नै आफ्नो प्रधानमन्त्री चयन गर्छ भन्ने मैले अडान राखेँ।

जनताले आफ्नो सार्वभौमसत्ता दुई किसिमले प्रयोग गर्छन्। एउटा लिगल सोभरेन्टी, जो संसद्को माध्यमबाट हुन्छ अर्को, पोलिटिकल सोभरेन्टी। जब लिगल सोभरेन्टीको प्रयोग गर्न सक्ने निकाय छैन भने कुनै पनि देश सरकारविहीन त हुँदैन। त्यसोभए सरकार कसले गठन गर्ने ? राजाको आदेश र निगाहामा बन्ने प्रधान्मन्त्री खान स्वीकार्य छैन भनेँ।

**० तर त्यसवेलाको संविधानअनुसार त राजाले नै प्रधानमन्त्री नियुक्त गर्थे नि ?**

– नियुक्ति त अहिले पनि राष्ट्रपतिले गर्छन्। राष्ट्रप्रमुख भएपछि नियुक्त गर्ने बेग्लै कुरा हो, तर कसको सिफारिस, कसको निर्णय ? अहिले प्रधानमन्त्रीको नियुक्ति र सपथग्रहण राष्ट्रपतिले नै गराउँछन् तर संसद्को निर्णयमा। संसद् छैन भने पाटीहरूको निर्णय हुन्छ। राजनीतिक दलहरूको बैठकबाट निर्णय हुन्छ भने दलकै सिफारिसमा म प्रधानमन्त्री बन्न तयार छु तर राजाको सिफारिस र निगाहामा प्रधानमन्त्री बन्दिनँ भनेर प्रस्तावकर्ताहरूलाई पठाइदिएँ। त्योभन्दा पहिला पनि प्रस्तावहरू आएका थिए।

**० त्योभन्दा पहिला प्रधानमन्त्रीको प्रस्ताव लिएर को-को आएका थिए ?**

– त्यो वेलाका सेना प्रमुख प्याराजंग थापा। अर्को प्रस्ताव वीरेन्द्र बस्नेतको सम्पर्कबाट गोकर्ण विष्ट (हाल एमाले सचिव) आउनुभएको थियो। तेस्रो प्रस्ताव राजाका तर्फबाट डा। डिल्ली खनाल उहाँकी श्रीमती र अर्घाखाँचीका दुमन थापाहरू हाम्रो पाटी कार्यालयमै प्रस्ताव लिएर पुग्नुभएको थियो।

**० त्यति धेरै प्रयास गरे पनि त्यसवेला प्रधानमन्त्रीमा तपाईं ज्ञानेन्द्र शाहको रोजाइमा त पर्नुभएन नि ?**

– सम्भवत: मलाई बदनाम गर्ने प्रयासस्वरूप त्यसरी प्रस्ताव गरिएको थियो। मेरो राजनीतिक छवि स्खलित गर्न खोजिएको हुन सक्छ।

**० राजाको प्रधानमन्त्री खान तपाईंले निवेदन हालेको त सत्य हो नि ?**

– मैले दाबासाथ निवेदन दिएँ, आग्रह गरिनँ। राजाको 'जो निगाह' निवेदनमा भनेको छैन। राजनीतिक दलहरूको सिफारिसका आधारमा दावी गरेको हो। गिरिजाबाबुले मलाई तपाईं प्रधानमन्त्रीमा दावी गर्नुस् भन्नुभएको थियो र मैले दावी गरेको हो।

**० त्यसरी प्रस्ताव आएको कुरा गिरिजाप्रसाद कोइरालासँग कुनै छलफल गर्नुभएन ?**

– त्यसवेला हामी सात दलको बैठक गिरिजाबाबुको निवास महाराजगञ्जमा बसेका थियौं। गिरिजाबाबु शेरबहादुर देउवा नेतृत्वको सरकारको विपक्षमा हुनुहुन्थ्यो। गिरिजाबाबुको निवासमा बसेको सात दलको बैठकमा (देउवा सरकार) हटिसकेपछि बन्ने सरकारको प्रधानमन्त्री को हुने ? भनेर गिरिजाबाबुले नै प्रस्ताव राख्नुभयो। बैठकले अबको प्रधानमन्त्री माधवकुमार नेपाल हुनुपर्छ भनेर निर्णय नै गर्‍यो। त्यो बैठकमा सहभागी अमिक शेरचनजी, भरतविमल यादव अझै हुनुहुन्छ। प्रभुनारायण चौधरी अहिले नभए पनि उहाँ पनि त्यो बैठकमा हुनुहुन्थ्यो। त्यसपछि नेमकिपाको अध्यक्ष पनि सायद हुनुहुन्थ्यो। उहाँहरू सवैको बिचमा गिरिजाबाबुले प्रस्ताव राखेर निर्णय भएको थियो। त्यही वेलामा हामीलाई ज्ञानेन्द्र शाहले भेट्न बोलाएका थिए। ज्ञानेन्द्रले भेट्न बोलाइसकेपछि हामी दरबार जाने भयौं। जाने वेलामा गिरिजाबाबुको सबैभन्दा विश्वासिलो व्यक्ति चक्र बास्तोलाले मलाई भन्नुभयो- माधवबाबु तपाईं प्रधानमन्त्री हुने हो भने पहिलो काम तपाईंले प्रतिनिधि सभाको पुनर्वहाली गर्नुपर्छ। मैले जवाफमा कसैको सर्त स्वीकार्दिनँ, त्यसरी म प्रधानमन्त्री बन्दिनँ भने। त्यो स्थितिबारे केही दिन पहिला चक्रजीको श्रीमतीलाई पनि सुनाइदिएको थिएँ। अर्थात् म कसैको सामु झुक्ने मान्छे होइन।

**० यसको मतलब तपाईं त्यसवेला संसद् पुनर्स्थापनाको पक्षमा हुनुहुँदैन थियो ?**

– पक्षमै थिएँ। तर म प्रधानमन्त्री भएपछि मेरो खुबीमा पनि त विश्वास गर्नुर्पयो नि १ मलाई कसैले सर्तबन्दी गरेर पठाउने ? मेरो पनि मान्यता छ। सोभरेन्टी जनताको हातमा कसरी ल्याउने ? त्यसका लागि प्रतिनिधि सभा पुनर्स्थापना पनि गरौंला, भएन भने छाडौंला तर पदका निम्ति मरिहत्ते गर्ने मानिस म होइन। पदको दुरुपयोग गर्नुहुँदैन भन्ने मान्यता बोक्ने मान्छे हुँ म।

**० केही दिन पहिला ज्ञानेन्द्र शाह, माधव नेपाल र गिरिजाबाबु मिलेर गणतन्त्र ल्याएका हो, तर प्रचण्डजी पछि आउनुभएको हो भनेर तपाईंले बोलेको समाचारमा आयो, के हो त्यो ?**

– त्यो दुवै गलत हो। ज्ञानेन्द्रको उपस्थिति थिएन। दोस्रो प्रचण्डजी पछि आउनुभो भनेर उहाँलाई होच्च्याउन खोजेर मेरो र प्रचण्डजीको बिचमा दूरी बढाउन त्यसरी समाचार लेखियो , त्यो आपत्तिजनक छ।

**० तपाईंले भनेको के थियो त ?**

– २०६२ सालको साउन या भदौ महिनामा तत्कालीन नेकपा एमालेको केन्द्रीय कमिटीको बैठकमा गणतन्त्रसम्बन्धी प्रस्ताव हामीले पास गर्‍यौं। गणतन्त्रसँग जोडिएको आन्दोलनको घोषणा पनि गर्‍यौं। त्यो निर्णयमा हाम्रा केही साथीहरूले 'नोट अफ डिसेन्ट' पनि लेख्नुभयो।

बैठकको निर्णयअनुसार हामीले बुटवलबाट आन्दोलन सुरु गर्‍यौं। आन्दोलन शानदार रूपमा सफल पनि भयो। गणतन्त्रको माहोल पनि सिर्जना गर्‍यौं। अनि आन्दोलन अघि बढ्दै गयो। आन्दोलनकै क्रममा माघमा मलाई गिरफ्तार गरियो। पहिलो पटक नजरबन्दमा घरमा राखियो, त्यसपछि ककनीको सशस्त्र क्याम्पमा लगियो। त्यहाँबाट वैशाख ७ गते जिल्ला अदालतमा ल्याएर रिहा पुजी दिइयो। त्यो पुजी लिएर म पाटी कार्यालय गएँ। त्यहाँ अमृत बोहोरा र ईश्वर पोखरेलसहित हामी तीन जना बसेका थियौं। त्यसैवेला एउटा प्रस्ताव आएको थियो, 'बेबी किङ'को। त्यसलाई मैले 'आउट राइट रिजेक्ट' गरेँ।

**० त्यसेला 'बेबी किङ'को प्रस्ताव ल्याउने को-को थिए ?**

– देशबाहिर भारतको एक मित्र हुनुहुन्थ्यो। त्यो प्रस्ताव पनि मैले अस्वीकार गर्दिएँ, सम्भव छैन भनेँ। त्यसपछि उहाँहरू गिरिजाबाबु र शेरबहादुरजीकहाँ जानुभयो। त्यो प्रस्तावमा उहाँहरू (गिरिजाबाबु र शेरबहादुर) कताकता सफ्ट हुनुभयो। मलाई त्यो वेला प्रदीप गिरिजीले फोन गर्नभयो र भन्नुभयो 'माधवजी हाम्रा नेताहरूले बर्बाद गर्ने भए। अब यो आन्दोलन तपाईंले नै जोगाउनुपर्छ। तपाईंबाहेक कसैले बर्बादी रोक्न सक्ने स्थिति छैन' भन्नुभयो।

त्यसपछि म पूरै सजग भएँ। वैशाख ८ गते जब ज्ञानेन्द्रले बक्तव्य निकाले, त्यसको समर्थनका लागि मलाई चार देशका राजदूतले फोन गरे। नर्वे, भारत, अमेरिका र ब्रिटेनका राजदूत थिए। मैले चारवटै राजदूतलाई 'नो' भन्दिएँ। उनीहरूले यतिसम्म त मानिदिए हुन्छ नि भने, तर मैले हुँदै हुँदैन, नेपाली जनता त्यो स्वीकार गर्न तयार छैनन् भनेँ। राति गिरिजाबाबुले फोन गरेर माधवजी केही सोच्ने कि भन्नुभयो। शेरबहादुरजीसँग कुरा गर्नुस् भन्नुभयो। शेरबहादुरजीले नयाँ ढंगले सोच्नुपर्छ भन्नुभयो। तर मैले सोच्न सकिँदैन, सम्भव छैन भनेँ।

८ गते नै सबैरै युरोपियन युनियनका राजदूतहरू पनि आएका थिए। त्यसपछि गिरिजाबाबु, म र शेरबहादुरजी बस्यौं। गिरिजाबाबुले मलाई नै उनीहरूसँग कुरा गर्ने जिम्मा दिनुभयो। तर मेले जनताको हातमा पूर्ण रूपमा सार्वभौम अधिकार हुनुपर्छभनेँ। 'नो इफ, नो बट' भनेपछि उनीहरू फर्किए।

त्यसपछि वैशाख ११ अगावै संयुक्त राष्ट्र संघका त्यसवेलाका प्रतिनिधि बल्खुको अफिसमा मसँग कुरा गर्न आए। उनलाई मैले तपाईंसँग यस्ता कुरा किन गर्ने? राजालाई कुरा गर्न मन भए मेरो निवास कोटेश्वर र पाटी कार्यालय बल्खु नारायणहिटीबाट धेरै टाढा छैन भनेर पठाइदिएँ।

**० तपाईं त्यसेवेला ज्ञानेन्द्र शाहसँगै कुरा गर्न चाहनुहुन्थ्यो ?**

– उहाँले मसँग कुरा गर्नुर्पयो नि १ नेपालीहरूले समस्या हल गर्नुर्पयो। त्यसपछि राजाले पशुपतिभक्त महर्जन मलाई भेट्न पठाए। उहाँले मलाई फोन गर्दा हामी भरतमोहनजीको घरमा बैठक बस्न ठीक परेका थियौं। त्यसैवेला महर्जनजी आएपछि मैले उहाँसँग कुरा गरेँ र त्यसपछि एउटा वक्तव्य तयार पारियो र उनलाई यहीअनुसार पढ्नुस् भनेर दियौं। उहाँ त्यो वक्तव्य लिएर केही नभनी नारायणहिटी जानुभयो। त्यपछि दिउँसो फेरि पशुपतिभक्त महर्जनले फोन गरेर मलाई गिरिजाबाबुकोमा आउनुर्पयो म गाडी पठाउँदैछु भन्नुभयो।

अनि भरतमोहनजी र म गिरिजाबाबुकोमा बेलुका सात बजे गयौं, त्यहाँ गिरिजाबाबुसँग कृष्ण सिटौला पनि हुनुहुन्थ्यो, यो वैशाख ११ गतेको कुरा हो।

राजाले बेलुका ७ बजे वक्तव्य जारी गर्ने कुरा थियो। तर हाम्रो बसाइ नै ७ बजेसम्म भयो। वक्तव्यलाई अन्तिम रूप दिन त्यसरी बसेका थियौं। त्यसपछि पशुपतिजी राति नौ बजे वक्तव्य जारी हुन्छ भनेर हिँडनुभयो। पछि सुन्दा त्यो वक्तव्यमा 'प्यारा देशबासीहरू र श्रीपशुपतिनाथले सबैको कल्याण गरून्' भन्ने शब्द मात्र थपिएको रहेछ। योबाहेक हामीले जे मस्यौदा गरेका थियौं त्यही मस्यौदा ज्ञानेन्द्रले पढेको पाइयो।

**० त्यसवेला यी सबै कुराबारे प्रचण्डसँग पनि कुरा हुन्थ्यो कि ?**

– मलाई याद भएसम्म मैले उहाँसँग कम्युनिकेट गरेको हुनुपर्छ। किनभने, उहाँ खुला भइसक्नुभएको थिएन। राजाको ११ गते वक्तव्य आएपछि १२ गते टुडिँखेलमा खुलासभा भयो। त्यो सभामा एउटा टिमले हुटिङ गर्‍यो। मञ्चमा भाषण गर्न सुशील कोइराला जानुभएको थियो। तर हुटिङ गरेर बोल्न दिइएन। शेरबहादुरजीलाई पनि बोल्न दिएनन्।

अर्को तेस्रो व्यक्ति मलाई याद भएन, उहाँलाई पनि बोल्न दिइएन। त्यसपछि म मञ्चमा गएँ। त्यो सभामा गिरिजाबाबु बिरामी भएकाले आउन सक्नुभएको थिएन। जब म बोल्न थालेँ हुटिङ गर्ने मास चुप लाग्यो। ती मान्छे सबै माओवादीका थिए कि भन्ने मलाई लाग्छ। उनीहरूले यो सम्झौता मान्दैनौं, धोखा हो भन्थे। धोखा होइन, हामीले सम्पूर्ण अधिकार जनताको हातमा ल्याएका छौं, यसबाट एक कदम पछि हट्दैनौं, तपाईंहरूको भावनामा पूरै सहमत छु मैले भनेपछि मास शान्त र खुसी भयो।

**० तत्कालीन सात दल र राजाबिच कुनै न कुनै रूपको राजा राख्ने सहमति भएको भनेर बारम्बार आउँछ। कमल थापाले त्यो भन्नुहुन्छ, त्यस्तो केही सहमति भएको थियो ?**

– त्यस्तो कही पनि भएको छैन। प्रत्यक्ष म साक्षी छु। गिरिजाबाबु र म बसेर वक्तव्यको मस्यौदा गरेका हौं।

**० त्यसरी ल्याएको गणतन्त्रको उमेर १८ वर्ष पुगेको छ। तर व्यवस्थामाथि कालो बादल मडारिएको छ नि, किन होला ?**

– व्यवस्थामाथि कालो बादल मडारिएको छैन। किन र के कारणले चाहियो राजतन्त्र ? महान्, त्यागी, दूरगामी चिन्तन व्यक्तित्व भएकाले ? होइन। राजतन्त्रबाट असन्तुष्ट भएर राणातन्त्रमा जाने त ? त्यसबाट पनि सन्तुष्टि भएन भने मल्लकालमा जाने ? त्यसो हो भने जयस्थिति मल्लका सन्तान बोलाऔं न त १ यस्ता काम नलाग्ने कुराको कुनै अर्थ छैन। मानव काम लागेन भने दानव र जनावार ल्याउने ? यो सम्भव छैन।

**० सडकमा उत्रिएका मानिसलाई के भन्ने त ?**

– देश बनाउने के छ योजना ? देश रुपान्तरणको के योजना छ ? जनताको जीवनलाई समृद्ध बनाउने के योजना छ ? सुशासनको प्रत्याभूति गर्ने योजना के छ ? एउटा वंशमा छ ? त्यसैले सडकमा उत्रिएका मानिसहरू कुनै पनि भ्रममा नपर्नुस्। राष्ट्रपति र प्रधानमन्त्रीले पनि गौरव गर्ने काम गरेका छन्।

**० यस्तै गरी चल्छ त गणतन्त्र ?**

– गणतन्त्रको विकल्प राजसंस्था हुँदैन। व्यवस्थामा सुधार गरौं, नेताहरू सुध्रौं, गल्ती कमजोरी स्वीकार गरौं, जनता राष्ट्रप्रति संवेदनशील बन्नुहोस्। त्यो उपाय हो।

एउटा नेताबाट भएन भने अर्कोलाई जिम्मा दिनुस्। राम्रो नेता देखिएन भने अर्को नेता खोज्नुपर्छ। तर देशका नागरिक नै राम्रा छैनन् भन्ने होइन। नेपाल देश नै नालायकहरूको देश भन्ने पनि होइन। देश चलाउन सक्ने खुबी र क्षमता हामीमा छैन त ? नेपालीले नेपाल नचलाएर विदेशीलाई ल्याएर हुन्छ ? कुनै वंशमा त्यस्तो छ ?

**० अन्त्यमा अहिलेको सत्ता समीकरणमा संशय पैदा भयो भनिन्छ, तपाईंलाई के लाग्छ ?**

– यो सरकारले जनताको मन र विश्वास जित्न सकेको छैन। समस्याहरू हल गर्न सकेको छैन, जनतामा आशा पनि जगाउन सकेको छैन। असफल भएको छ। संकीर्ण र यथास्थितिवादी छ चिन्तनको छ सरकार। कसैगरी पनि कुसीमा बसिराखौं भन्ने सोच राखेर हुँदैन।

**० विकल्प खोज्ने बेला भयो ?**

– विकल्प खोज्ने भने पनि हाम्रो संख्याले पुग्दैन। अहिले नै अर्को चुनाव गर्नुपर्छ भन्ने कुरा पनि भएन। यो कुरा एमाले कांग्रेसले सोच्नुपर्छ भन्न मात्र सक्छौं। बरु उन्नत गणतन्त्र, पुँजीवादी गणतन्त्रले भएन भने समाजवादी ल्याऔं।

**० सरकार असफल भयो भन्नुभयो, कांग्रेस सभापति देउवासँग केही कुराकानी गर्नुभएको छ ?**

– मैले केही कुरा गरेको छैन। उहाँहरूबिच सहमति भइरहेका वेलामा मैले भनेर पनि केही हुँदैन।

**० १९ औं लोकतन्त्र दिवसको शुभकामना कसरी दिनुहुन्छ ?**

– १९ औं लोकतन्त्र दिवसका अवसरमा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीलाई धेरैधेरै शुभकामना दिन चाहन्छु। एउटा अयोग्य शासनको विकल्पमा योग्य शासन ल्याउने हो। अयोग्य सरकारको ठाउँमा योग्य सरकार ल्याउने हो।

लोकतन्त्रका त्रुटिहरू सच्चाउन समुन्नत लोकतन्त्रको स्थापना गर्ने हो। फेरि इतिहासको पाङ्ग्रा पछाडि फर्काउने कुरा कसैले सोच्नु हुँदैन। देशलाई भड्खालोमा कहिल्यै लान हुँदैन। व्यक्ति, परिवार र वंशको शासनजस्तो पुरानो युगमा देशलाई फर्काउन हुँदैन। यदि त्यस्तो गर्दै जाने हो भने हामी दास र जंगली युगमा पुग्नुपर्ने हुन्छ।

इतिहास पछाडि होइन, अगाडि बढ्छ। जंगली, दास र सामन्ती युगमा होइन समाजवादी युगमा मुलुक अघि बढ्छ। मुलुकलाई समाजवादी युगमा बढाउन हाम्रो पाटी नेकपा एकीकृत समाजवादीले दशौं महाधिवेशनमार्फत बैज्ञानिक समाजवादको कार्यक्रम, नेपाली विशेषताको समाजवादको कार्यक्रम अगाडि सारेको छ।

त्यसलाई आत्मसात गरौं र त्यसलाई लागु पनि गरौं। त्यो लागु गरियो भने अहिले उठेका बेरोजगारी, उत्पादनमा ह्रासको, पुँजी पलायन, युवा पलायनदेखि हतासा र निराशा सबैको समाधान दिन सकिन्छ। त्यो समाधान हामीले दिने हो। अरू कसैले दिने होइन। त्यसैले हामी आशा, उच्च मनोबल र आत्मविश्वासका साथ अगाडि बढौं, सम्पूर्ण नेपालीको कल्याण होस्, शुभकामना। *-रातोपाटीबाट साभार*

# शिक्षा र राजनीति एक आपसमा परिपूरक हुनु हुँदैन

अप्सरा गौतम

शिक्षा र राजनीतिलाई एउटै बिषयमा उल्लेख गर्नु हुँदैन । शिक्षा र राजनीतिक एक रथका दुई पांग्राका रुपमा मान्न पनि सकिदैन् । दुवैमा आकाश पातालको फरक छ । झट्ट हेर्दा विद्यालय स्तरदेखि उच्च शिक्षासम्म राजनीतिक प्रभाव व्याप्त देखिन्छ । त्यसैले अब शिक्षा र राजनीति एक आपसका परिपुरक हुन् भन्ने भाष्य नै सुधार्नुपर्ने देखिएको छ । शिक्षाले मानिसको अन्तरज्ञान उजागर गर्ने र मानिसलाई प्रशस्त उज्यालो मार्ग निर्देशन गर्छ । जसको परिणामस्वरूप कुनैपनि देश र समाजमा परिवर्तन आउन सक्छ । राजनीतिमा पनि अमूल्य र गतिशील परिवर्तन आउनसक्छ । शिक्षाले व्यक्ति र समाजसँग अन्तरसम्बन्ध हुन्छ भने समाजद्वारा नै राजनीति सञ्चालन हुने गर्छ ।
त्यसैले, असल राजनीति र राजनीतिज्ञको लागि शिक्षाको ठूलो महत्व छ । शिक्षा र राजनीति एउटै सिक्काका दुई पाटा हुन् तर शिक्षाबिनाको राजनीति अर्थहिन हुन्छ किनभने विकसित राजनीतिमा बौद्धिक समाजको आवश्यकता पर्दछ । बौद्धिक समाज शिक्षाबिना कल्पना गर्न सकिदैन ।
राजनीतिक हस्तक्षेपका कारण शैक्षिक गतिविधि निस्वार्थ रुपमा सञ्चालन हुन नपाएको कतिपय विद्यालयहरुको गुनासो छ ।
शिक्षालाई राजनीतिमा मिसावटा गर्नु नै गलत छ । शिक्षा त ज्ञानको ज्योति हो । शिक्षाले व्यक्ति र समाजलाई अध्याँरोबाट उज्यालोतर्फ लैजाने क्षमता बोकेको हुन्छ । राजनीति त्यो हो जुन देश र समाजलाई राज्यको नीतिभित्र रहेर परिवर्तन गराउनु पर्छ ।
राजनीतिको मूल उद्देश्य भनेको जनता, समाज र देशलाई आर्थिक साथै सामाजिक उन्नति, प्रगतितर्फ लैजानु हो । तर अहिले दलीय राजनीति शिक्षण संस्थाहरुमा बढ्दै गइरहेको छ । राजनीति गर्नेहरुले आफू नेतृत्वमा पुग्न शिक्षण संस्थालाई बढी प्रयोग गरेको पाइन्छ । आजभोलि राजनीति भन्ने वित्तिकै शिक्षण संस्था पनि परिचित हुन थालेको छ । अहिलेको अवस्था हेर्ने हो भने गुणस्तरीय शिक्षा हासिल गर्न निजी विद्यालयनै जानुपर्छ भन्ने भाष्य सिर्जना भएको छ । यो सरासर गलत हो ।
सरकारी र नीजि छुट्याउने बहानामा सरकारी विद्यालयलाई कमजोर देखाउन थालियो ।
सरकारी विद्यालय भनेको राजनीति गर्ने ठाउँ भन्ने भाष्य सृजना गर्ने शिक्षित वर्ग नै देखिएको छ ।
पछिल्लो समय शिक्षक शिक्षिकामाथि कालोमोसो दल्ने, कुटपिट गर्ने जस्ता अपराधिक घटनाहरू भइरहेका छन् । जुन विद्यार्थी राजनीतिको विकृतिको पराकाष्ठ समेत बनेको छ । देशको प्रत्येक क्षेत्रमा राजनीतिको प्रत्यक्ष प्रभाव भएकाले राजनीतिकर्मीलाई एक कुशल, सभ्य जिम्मेवार तथा असल भन्दा पनि असल नागरिक बन्नेतर्फ प्रेरित गर्नेखालको शिक्षा आजको आवश्यकता हो ।
समयको माग अनुसार शिक्षाको विकास र विस्तार गर्न राजनीति केन्द्रित हुनुपर्ने हो । नेपालको सन्दर्भमा राजनीति भनेको हड्ताल, नारावाजी, जुलुस, बन्द र अनसन जस्ता नकारात्मक कुरा मात्र हो भन्ने पाइन्छ । राजनीतिलाई एक फोहोरी खेलका रूपमा हेर्ने गरेको पाइन्छ यो गलत हो । राजनीति भनेको त आफैंमा एक विज्ञान हो । हामीले राजनीतिलाई राम्रोसँग अध्ययन-अनुसन्धान गर्यौं भने यसको महत्व बुझ्नेछौं । साच्चै भन्ने हो भने राजनीतिमा ऐतिहासिक कालदेखि नै शिक्षाको ठूलो भूमिका रहिआएको छ । जबदेखि राणाशासन काल थियो त्यतिबेला नेपालको साक्षरता दर २५ प्रतिशत मात्र थियो । विभिन्न कालखण्डदेखि अहिलेसम्मको शिक्षा क्षेत्रमा भएको विकासका कारणले नेपालको साक्षरता दर ७६.३ प्रतिशत पुगेको छ । बिस्तारै शिक्षा क्षेत्रमा आएको सुधारका कारण देशको राजनीतिको व्यवस्थामा पनि परिवर्तन आइरहेको छ । पञ्चायती व्यवस्थाको अन्त्य, बहुदलीय व्यवस्था, गणतन्त्र व्यवस्थासम्मको अवस्था शिक्षाको विकासका कारण भएको हो ।
राजनीतिमा भएको परिवर्तनले शिक्षामा पनि परिवर्तन ल्याएको हो । तर हाम्रो देशमा राजनीति गर्ने राजनीतिज्ञ व्यक्तित्वहरू भने शिक्षित कम छन् । अब विकास गर्नका लागि राजनीतिक मुल्य मान्यतामा परिवर्तन ल्याउन युवा वर्गले राजनीतिमा प्रवेश गर्नुपर्छ । साथै मानिसहरूलाई राजनीतिको नकरात्मक पक्ष मात्र होइन सकारात्मक पक्ष पनि देखाउनु र बुझाउनुपर्छ । विद्यार्थीले कस्तो गुणस्तरको अपेक्षा गर्ने आजको समस्या हो । शिक्षण संस्थाहरूमा अनुशासित विद्यार्थी, लगनशील शिक्षक र सचेत अभिभावकको खाँचो पर्छ । व्यवहारिक र नियमित आचारसहिंताको व्यवस्था कार्यान्वयन गरिनुपर्छ । राजनीतिकर्मीहरूले आफ्नो अधिकार र कर्तव्यको अज्ञानताका कारणले शिक्षामा राजनीति गरेको हो भने उनीहरुको भूमिका के हुनु पर्ला भन्नेबारे सोच्नु जरुरी छ । जहाँबाट शिक्षामा राजनीतिक हस्तक्षेप गर्ने प्रवृत्तिलाई निरुत्साही गर्न आवश्यक छ ।
शिक्षामा राजनीति गरेर शैक्षिक वातावरणलाई तहसनहस बनाउने जोसुकैलाई अनुशासनको दायरामा ल्याउने तथा सार्वजनिक वहिस्कारसमेत गर्ने नीति अवलम्बन गर्नुपर्ने देखिन्छ ।
**'समृद्ध नेपाल र सुखी नेपाली'**को सपना साकार पार्न दक्ष जनशक्ति उत्पादन गर्न साधनस्रोत सम्पन्न व्यवस्थित शिक्षा हुनुपर्छ । राजनीतिले शिक्षा नीति बनाउने र देशलाई विश्वसामु एक नमुना राष्ट्र बनाउन राजनीतिकर्मीको अहम भूमिका रहन्छ । राजनीतिमा आउने विकृति र विसंगतिलाई न्यूनिकरण गर्नका लागि समेत शिक्षाको अहम् योगदान रहन्छ । शिक्षण संस्थामा आबद्ध शिक्षकदेखि उच्च पदाधिकारीहरुले विद्यार्थीको पठनपाठनलाई केन्द्रमा राखेर नीति, नियम, योजना निर्माण र कार्यान्वयन गरिनु अति आवश्यक छ । सबैको कार्य दक्षताको मूल्याङ्कन गर्दा विद्यार्थीले हासिल गरेको उपलब्धिस्तरलाई प्रतिस्पर्धी श्रम बजारमा खपतको आधारमा प्रतिस्पर्धा गर्नु पर्छ । अब शिक्षाको नाममा आतङ्क फैलाएर शिक्षामा ह्रास आउने गतिविधिको अन्त्य जरुरी छ । परम्परागत प्रवृत्तिबाट माथि उठेर समस्याको निकास खोज्न जरूरी देखिन्छ । संविधान, मुलुकको क्षमता र बालबालिकालाई केन्द्रविन्दुमा राखेर शैक्षिक गतिविधिलाई संयमित र मर्यादित बनाउनु अहिलेको आवश्यकता हो ।

## श्रममन्त्री भण्डारी र बोस्नियाका मिसन उप्रमुखबीच श्रम सम्झौताका लागि छलफल

काठमाडौं । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारी र बोस्निया र हर्जगोभिना दूतावासमा मिसन उपप्रमुख आर्मिन मेसिनोभिक बीच श्रम सम्झौता गर्ने सम्बन्धमा छलफल भएको छ । शुक्रवार मन्त्रालयमा मन्त्री भण्डारी र भारतको नयाँ दिल्लीस्थित बोस्निया र हर्जगोभिना दूतावासका मिसन उपप्रमुख मेसिनोभिकबीच नेपाली कामदार लैजाने बिषयमा द्विपक्षीय छलफल भएको हो ।
उक्त छलफलमा नेपाली कामदारका लागि बोस्निया अवसरको नयाँ गन्तव्य हुने भएको हुँदा द्विपक्षीय श्रम सम्झौताका लागि प्रकृया अगाडि बढाउन चाहेको मिसन उप्रमुख मेसिनोभिकले प्रस्ताव अगाडि सारेका थिए ।
छलफलमा मन्त्री भण्डारीले पच्छिलो समय युरोपका विभिन्न देशहरुसँग नेपाली श्रमिकहरुका लागि कामदार लैजाने सम्बन्धमा द्विपक्षीय श्रम सम्झौता तथा गृहकार्यहरु अगाडि बढी रहेको बताउँदै बोस्निया पनि नेपाली कामदारको लागि नयाँ श्रम गन्तव्यको रुपमा नेपाल सरकार श्रम सम्झौता गर्न तत्पर रहेको बताउँदै द्विपक्षीय सम्झौताका लागि प्रकृया अगाडि बढाउने प्रतिबद्धता व्यक्त गरे ।
उनले नेपाली श्रमिकहरुलाइ आवश्यक तालिम प्रदान गरी दक्षजनशक्तिको रुपमा वैदेशिक गन्तव्यमा पठाउन श्रम मन्त्रालय लागि परेको जानकारी दिँदै बोस्नियाका लागि आवश्यकताको आधार दक्षजनशक्ति माग भए सोही अनुसार दक्ष जनशक्ति तयार गरी रोजगारीका लागि पठाउने बताए ।

## मटिहानीमा एक महिने मिथिला पेन्टिङ सीप विकास तालिमको सुरू

महोत्तरी । जिल्लाको मटिहानी नगरपालिकामा शुक्रबारदेखि मिथिला पेन्टिङ सीप विकास तालिम सुरु गरिएको छ ।
यसैबीच एक कार्यक्रमका बीच मटिहानी नगरपालिकाका नगर प्रमुख हरि प्रसाद मण्डलले उक्त एकमहिने मिथिला पेन्टिङ सीप विकास तालिमको शुभारम्भ गरेका हुन् ।
उक्त तालिमको शुभारम्भ गर्दै नगर प्रमुख मण्डलले अहिले मिथिला क्षेत्रमा यो मिथिला पेन्टिङको महत्व अति नै बढ्दै गइरहेको छ र यस तालिमबाट सिप हासिल गरी मिथिला पेन्टिङलाई व्यवसायीकरण गरी यसबाट आय आर्जन गर्न सकिने विश्वास व्यक्त गरेका छन् ।
मटिहानी नगरपालिकाले पालिकामा बालविवाहलाई निरुत्साहित गर्ने उद्देश्यले बालविवाह नगर्ने किशोरीहरूको लागि सञ्चालन गरिएको उक्त तालिम एक महिनासम्म चल्ने र यसमा वडा नम्बर ६, ७ र ८ का ३० जना किशोरीहरूलाई उक्त तालिम दिने कुरा पालिकाका महिला बालबालिका तथा जेष्ठ नागरिक शाखा प्रमुख दिपा कुमारी दासले बताइन् ।
नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत चन्द्रशेखर शर्माको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा राजकीय संस्कृत माविका प्र.अ. ईश्वरी पौडेल वड़ा नं. ७ का वडा अध्यक्ष जितनारायण माझी लगायतका वक्ताले मिथिला पेन्टिङ र यसको तालिमको महत्वबारे प्रकाश पारेका थिए ।
